# राष्ट्रिय वाणिज्य बैंक लि. समाचार

देशको आर्थिक सामाजिक विकासमा ५० वर्षदेखि समर्पित – राष्ट्रिय वाणिज्य बैंक

वर्ष २३ अंक १ असोज २०७२ Year 23 Vol 1 Oct 2015


### भूकम्प प्रभावित क्षेत्रका ४० स्थानमा

## रावाबैंक ब्रान्चलेस बैंकिङ्गका सेवा विन्दु स्थापना गर्दै

**१९ असोज काठमाडौं**

राष्ट्रिय वाणिज्य बैंकले भूकम्प प्रभावित क्षेत्रमा वित्तिय पहुँच विस्तारका लागि ४० स्थानमा ब्रान्चलेस बैंकिङ्ग सेवा विस्तार गर्दैछ । रावाबैंक लगायत सिटिजन्स बैंक, ग्लोवल आई एम इ बैंक, नेपाल इन्भेष्टमेन्ट बैंक, एनएमवि बैंक, सानिमा बैंक र सिध्दार्थ बैक सहितका ७ वटा वाणिज्य बैकहरुले भूकम्पले धेरै असर गरेका १४ जिल्लामा १७३ वटा शाखारहित बैकिंग सेवा शुरु गर्ने भएका छन् । उपरोक्त वाणिज्य बैंकहरु र सक्षम एक्सेस टु फाईनान्स नामक संस्थावीच यस सम्वन्धी सम्झौतामा हस्ताक्षर भयो। उक्त हस्ताक्षर समारोहका प्रमुख अतिथि नेपाल राष्ट्र बैंकका गभर्नर डा. चिरन्जिवी नेपालले मुद्रा र बैकिंग कुनै पनि देशको अर्थतन्त्रको महत्वपूर्ण अवयव भएको वताउँदै मुद्रा र वचतबारे चेतनशील हुने वित्तिकै कुनै पनि व्यक्ति उद्यमीमा रुपान्तरित हुने वताउनुभयो। हरेक व्यक्ति पैसा कमाउने दौडमा हुन्छन् ,ति व्यक्तिका पछाडि बैंक तथा वित्तिय संस्थाहरु



*भूकम्प पीडित क्षेत्रमा रा.बा.बैंक लगायत अन्य बैंकका ब्राञ्चलेस बैंकिङ्ग सेवाबिन्दु स्थापना सम्बन्धी हस्ताक्षर समारोहमा सम्बोधन गर्दै नेपाल राष्ट्र बैंकका गर्भनर डा. चिरञ्जिवि नेपाल*

हुन्छन् ,बैक तथा वित्तिय सस्थाले व्यक्तिहरुबाट प्राप्त गर्ने साधनको उत्पादनशील उपयोग गर्न सक्नु पर्दछ, त्यस निम्ति बैंक तथा वित्तिय संस्थाहरुले व्यापक अनुसन्धान गरी बजारको आवश्यकता र संभाव्यता रहेका वित्तिय सेवामार्फत राष्ट्रको आर्थिक विकासमा

*बाँकी अन्तिम पृष्ठमा*

## राष्ट्रिय वाणिज्य बैंक: व्यवसाय प्रवर्द्धन गोष्ठी

**१० साउन काठमाडौं**

राष्ट्रिय वाणिज्य बैंकद्वारा हालै सम्पन्न आर्थिक वर्षको कार्यसम्पादन समीक्षा गरी चालु वर्षको लक्ष निर्धारण तथा आगामी ५ वर्षको कार्यदिशा पहिल्याउने उध्देश्यले आयोजित २ दिवशीय व्यवसाय प्रवर्ध्दन गोष्ठी हालै सम्पन्न भयो। बैकका काठमाडौ क्षेत्र अन्तर्गतका शाखा प्रवन्धक र बैकका उच्च स्तरीय व्यवस्थापनका पदाधिकारीहरुको सहभागितामा संचालित उक्त गोष्ठीको समापन

*बाँकी ३ पृष्ठमा*




*गोष्ठिमा समुपस्थित बैंकका उच्च पदाधिकारीहरू*

### यस अंकमा


- व्यवसाय प्रवर्द्धन गोष्ठि सम्पन्न
- भूकम्प प्रभावित क्षेत्रमा शाखारहित बैंकिङ्ग
- रावाबैंक सञ्चालक समिति अध्यक्षमा डा. पाण्डे
- प्रमुख कार्यकारी अधिकृत कृष्णप्रसाद शर्मासँगको अन्तर्वार्ता "राष्ट्रिय वाणिज्य बैंक ग्राहक मैत्री छ"
- साथमा मानव संशाधन स्तम्भ अन्तर्गत तालीम, युनियन गतिविधि लगायतका स्थायी सामग्रीहरू

# प्रकाशकीय

हाल केही दिनयता देशले भोग्नु परेको बन्द हडताल र अवरोधपूर्ण आयातले देशको वित्तिय क्षेत्र पनि अछुतो रहन सकेन। हामीले नचाहँदा नचाहँदै पनि हाम्रा ग्राहकहरु वित्तिय सेवाजस्तो महत्वपूर्ण आधारभूत सेवाबाट बन्चित हुनु पर्‍यो। हाम्रो काबु बाहिरको यस असहज अवस्थाबाट पीडित हुन पुगेका सम्पूर्ण ग्राहक महानुभावमा क्षमा याचना गर्दै यस वर्षका **विजया दशमी, दीपावली, छठ, ल्होसार, इद** लगायतका सम्पूर्ण अवसरमा हाम्रा देश विदेशमा रहेका ग्राहक, सम्पूर्ण शुभेच्छुक र सरोकारवालाहरुमा हार्दिक शुभकामना प्रकट गर्दछौं।

## समाचार संक्षेप

### राष्ट्रिय वाणिज्य वैकले एटिएम शुल्क घटायो

राष्ट्रिय वाणिज्य बैंकले आफ्ना भिसा डेबिट कार्ड (एटिएम) लिएका ग्राहकलाई नेपालभित्र भिसाका एटिएमबाट रकम निकाल्दा लाग्ने शूल्कमा रु १००। घटाएको छ। यस अघि यस्तो कारोवारमा प्रति कारोवार रु १५०। लाग्ने गरेकोमा अब रु ५०। मात्र लाग्नेछ। वि.स. २०७२ भाद्र १५ तद्अनुसार सेप्टेम्वर १ २०१५ देखि लागू हुने यस व्यवस्थाबाट रावावैकबाट भिसा डेबिट कार्ड (एटिएम) सेवा लिइरहेका २५३००० र आगामी ग्राहकहरु लाभान्वित हुने जानकारी इलेक्ट्रोनिक विभागका प्रमुख कपिल ज्ञवालीले दिनुभएको छ।

### रावावैक र आर एण्ड डि इनोभेटिभबीच सम्झौता

कुल गार्हस्थ उत्पादनमा झण्डै एक तिहाई योगदान रही कुल जनसंख्यामा दुई तिहाई जनसंख्या संलग्न रहेको कृषि क्षेत्रको विकासमा राष्ट्रिय वाणिज्य बैंकको योगदान अभिवृध्दि गर्ने उध्देश्यले वैकले कृषि सूचना प्रवाहमा संलग्न रहँदै आएको आर एण्ड डि इनोभेटिभ् सोलुसन प्रा. लि. संग सहकार्य गर्ने भएको छ। यस सम्वन्धी सम्झौता पत्रमा राष्ट्रिय वाणिज्य बैंक कृषि तथा सामाजिक बैकिंग विभागका प्रमुख टेकराज जोशी र आर एण्ड डि इनोभेटिभ सोलुसन प्रा.लि.का प्रवन्ध निर्देशक डम्बर खनालले हस्ताक्षर गर्नुभयो। यस सम्झौता अनुसार उक्त प्रा.लि. ले मासिक रुपमा प्रकाशन गर्दै आएको कृषक र प्रविधि मासिक कृषि पत्रिकामा रावावैकद्वारा संचालित कृषि कर्जा सम्वन्धि योजना तथा कार्यक्रमहरु, कृषकहरुका सफलताका कथा ,कृषकका कथा व्यथा र समाधानका कार्यदिशा लगायतका कृषि कर्जा प्रवर्ध्दनसम्वन्धी जानकारीहरु प्रकाशन गरिने छ। साथै उक्त प्रा.लि.द्वारा समय समयमा कृषि उद्यमीहरुको सहभागितामा संचालन गरिने कृषि व्यवसायसंग सम्वन्धित कार्यक्रमहरुमा आवश्यकताअनुसार बैकको समेत प्रतिनिधित्व गराई व्यावसायिक कृषिको प्रवर्ध्दन र विकासमा उत्प्रेरणात्मक भूमिका निर्वाह गर्ने छ।

### यसरी बढाउँदै छ रावाबैंक कर्मचारी उत्पादकत्व

विगतमा अत्यधिक अत्यधिक कर्मचारी भार र विविध आन्तरिक तथा वाह्य कारणबाट न्यून कर्मचारी उत्पादकत्व रहेको राष्ट्रिय वाणिज्य बैंकमा हाल केही वर्ष यता कर्मचारी उत्पादकत्व राम्ररी बढेको छ। यसको एक उदाहरण हो रावावैक शाखा कार्यालय वागलुङ्ग बजार। जम्मा ७ कर्मचारी कार्यरत रहेको यस शाखाले गत आर्थिक वर्षमा २ करोड ४६ लाख मुनाफा आर्जन गरेको थियो। गत आर्थिक वर्षमा यस शाखाको प्रति कर्मचारी मुनाफा ३५ लाख १४ हजार रहेको थियो भने प्रति कर्मचारी निक्षेप २ करोड ९८ लाख र प्रति कर्मचारी कर्जा ४ करोड १४ लाख रहेको थियो। उल्लेख्य रकमको वैदेशिक रेमिटान्स कारोवार गर्ने यस शाखाको गत वर्ष भाखा नाघेको कर्जा शून्य रहेको थियो। यिनै उत्शाहजनक परिसूचकहरुको आधारमा गत आर्थिक वर्षमा देशभरकै घ वर्गका शाखाहरुमध्ये प्रथम स्थान हासिल गर्न सफल यस शाखाको सफलताको रहस्यबारे खोतल्दा यस बैंकको केन्द्रीय तथा क्षेत्रीय व्यवस्थापनको समुचित मार्गनिर्देशन , यहांका कर्मचारीको लगनशीलता र ग्राहकवर्गले यस बैंकप्रति देखाएको सद्भाव , स्नेह नै सफलताको प्रमुख कारण रहेको वताउनुहुन्छ शाखा प्रवन्धक तेजेन्द्र प्रसाद पौडेल।

### राष्ट्रिय वाणिज्य बैंक संचालक समितिको अध्यक्षमा डा. पाण्डे

असोज २९



नेपाल सरकारद्वारा राष्ट्रिय वाणिज्य बैंकको संचालक समितिको अध्यक्षमा नियुक्त डा. रविन्द्र प्रसाद पाण्डेले बैंकमा आयोजित एक कार्यक्रमका बीच पदभार ग्रहण गर्नुभयो। सो अवसरमा नवनियुक्त अध्यक्ष डा. पाण्डेले संचालक समिति समक्ष पद तथा गोपनीयताको शपथ ग्रहण पश्चात संचालक समितिको १९८७ औ वैठकको अध्यक्षता गर्नुभएको थियो। यसअघि बैंकका प्रमुख कार्यकारी अधिकृत कृष्ण प्रसाद शर्माले नवनियुक्त अध्यक्ष डा. पाण्डेको स्वागत गर्दै उहांको कार्यकालको सफलताको कामना गर्नुभएको थियो। उक्त जानकारी रावाबैंक लि.का कम्पनी सचिव कृष्ण शर्मा पौडेलले दिनुभएको हो।

डा. पाण्डे नेपाल सरकारको मिति ०७२।६।२२ को निर्णयानुसार रावाबैंक संचालक समितिको अध्यक्षमा नियुक्त हुनुभएको हो। वि.सं.२०१२ मा काठमाडौंमा जन्मनुभएका डा. पाण्डेले त्रि.वि.वि.बाट अर्थशास्त्रमा विद्यावारिधि ,युनिभर्सिटि अफ इष्ट लण्डनवाट मौद्रिक तथा वित्तीय अर्थशास्त्रमा एमएस, त्रि.वि.वि.बाट तथ्यांकशास्त्रमा एम.एसुसी. लगायतका शैक्षिक उपाधी हासिल गर्नुभएको छ। केही अघि नेपाल राष्ट्र बैंकको कार्यकारी निर्देशकबाट सेवा निवृत्त हुनुभएका डा.पाण्डेले विभिन्न कार्यगत क्षेत्रमा विशिष्ट अनुभव हासिल गर्नुभएको छ।

### तेश्रो आंखा

**ब्याजदर कम भयो** ............................

हामीले विदेशमा असीम दु:ख पीडा खेपेर आर्जन गरेको रकम नेपालका बैकहरुमा राख्छौं। तर दुःखको कुरा हाम्रो वचतमा पूर्ण सरकारी राष्ट्रिय वाणिज्य वैकले नै साह्रै न्यून व्याज दिन्छ।

वि.वि.सि. नेपाली सेवाद्वारा संचालित साझा सवालमा गुनासो गर्दै वैदेशिक रोजगारीमा संलग्न पर्वत जिल्लाका एक युवा

**खुद्रा पैसा** ..........................

बडा दशैमा राजधानीमै खुद्रा नोटहरु खुल्लामखुल्ला सडकमै कमिसन लिएर साटिरहेको दृश्य देख्दा नेपालमा केन्द्रीय बैक र वाणिज्य बैंकहरुको सेवाप्रति टिठ लाग्यो।

नेपाल राष्ट्र बैंकले खुद्रा नोट उपलब्ध गराउन थापाथलीस्थित कार्यालयबाट व्यवस्था मिलाएकोमा यतिको मात्र खुद्रा पाइन्छ त्यो भन्दा कमको पाइदैन भनेर ग्राहकलाई फर्काउनु आफैले नोटमा लेखेको प्रतिवध्दता विरुध्द भएन र ?

म खुद्रा पैसा साट्ने प्रयोजनार्थ राष्ट्रिय वाणिज्य बैकको एक काउन्टरमा लाममा वसेको थिएँ, पालो आउने बेलामा यो खुद्रा नोट बैंकका कर्मचारीका लागि मात्र हो भन्ने जानकारी काउन्टरबाट पाएं र रित्तै हात फर्कें। पूर्ण सरकारी स्वामित्वको बैंकले यसरी ग्राहकलाई विभेद गर्न मिल्छ र ?

*नाम वताउन नचाहने पत्रकार*

प्रधान सम्पादक, **मुकुन्द अर्याल**/सह सम्पादक, **भरत नेपाल**
Email:rbbnl@rbb.com.np

# राष्ट्रिय वाणिज्य बैंक: व्यवसाय प्रवर्द्धन गोष्ठी

क्रमश पृष्ठ १ बाट




*गोष्ठिमा समुपस्थित बैंक सञ्चालक समिति लगायत व्यवस्थापन पदाधिकारीहरू*

समारोहमा बैंक संचालक समितिका अध्यक्ष डा. रेवत व. कार्कीले शाखाको भौतिक संरचना  र पूर्वाधारहरुमा सुधार गरी ग्राहक सेवालाई परिष्कृत बनाउन सहभागीहरुलाई निर्देश गर्दै बैंकले हालका दिनहरुमा हासिल गरेका उपलब्धिको प्रत्यावर्तन ग्राहकका मुहारमा झल्किनुपर्ने वताउनुभयो। बैंक संचालक समितिका सदस्य डा. रामदेव सिंहले बैंकको कार्यसम्पादनबाट आफूलाई सन्तोष मिलेको वताउँदै नेपाल विश्व व्यापार संगठनमा प्रवेश गरिसकेको वर्तमान प्रतिष्पर्धी युगमा



*गोष्ठिमा पुरष्कृत शाखालाई प्रमाणपत्र दिँदै बैंक सञ्चालक समितिका अध्यक्ष डा. रेवत बहादुर कार्की तथा प्रमुख कार्यकारी अधिकृत कृष्ण प्रसाद शर्मा*

रावावैकले आफनो उत्कृष्टता नेपालमामात्र होईन विश्वमै देखाउनुपर्ने वताउनुभयो। सो अवसरमा बैंकका प्रमुख कार्यकारी अधिकृत कृष्ण प्रसाद शर्माले गुन्द्रीमा बसेर ,लेजर टोकन बोकेर ग्राहकलाई बैंकमा आउन बोलाउदै हिंडेका स्थापनाकालका र केही वर्ष अघि वित्तिय आधारमा रुग्ण रहंदाका अत्यन्त कठिन दिनहरु स्मरण गर्दै हाल बैंक निक्षेप ,कर्जा, मुनाफा, ग्राहक संख्या, असल कर्जा प्रति कर्मचारी मुनाफा लगायतका अधिकांश परिसूचकमा पहिलो स्थानमा रहेकोमा प्रशन्नता व्यक्त गर्नुभयो। सो अवसरमा प्रमुख कार्यकारी अधिकृत शर्माले बैक विगतमा हर क्षेत्रमा कमजोर रहि व्यापक सुधार र उपचार (रिकभरी)का पथमा क्रियाशील रहेकोमा अब बैंक उत्कृष्ठतातर्फ छलांग मार्ने कार्यदिशामा अघि बढिरहेको वताउनुभयो। 'थोरै संचित नोक्शानी अझै पूरा गर्नु छ छिटै पूरा गर्छौं किनकि हाम्रो पुंजीकोष सवल भैसकेको छ, मौद्रिक नीतिले चुक्ता पुंजी ८ अर्ब हुनुपर्ने प्रावधान तोकेकोमा हामीसंग ८ अर्ब ५८ करोड चुक्ता पुंजी अहिल्यै छ।' प्रमुख कार्यकारी अधिकृत शर्माले थप्नुभयो।

ब्रान्च अपरेशन विभागका प्रमुख ओमप्रकाश आचार्यको संचालनमा सम्पन्न उक्त कार्यक्रमको आरम्भमा नायव महाप्रवन्धक विष्णु प्रसाद वैद्यले कार्यक्रम झलक (प्रोग्राम हाईलाईट), शाखा प्रवन्धकहरुले शाखागत प्रस्तुती र अन्त्यमा नायव प्रमुख कार्यकारी अधिकृत भेषराज पन्थीले सम्पन्न कार्यक्रमको सार (प्रोग्राम समरी)प्रस्तुत गर्नुभएको थियो भने बैंकमा कार्यरत कर्मचारी यूनियनहरुका तर्फबाट राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघ नेपालका अध्यक्ष नारायण प्रसाद सुवेदीले कर्मचारी हकहित बारे धारणा राख्नुभएको थियो। सो अवसरमा अघिल्लो आर्थिक वर्षमा काठमाडौ क्षेत्रमा उत्कृष्ट कार्य सम्पादन गर्ने शाखा कार्यालय वानेश्वर,



*गोष्ठिमा शाखागत प्रस्तुति दिँदै शाखा प्रवन्धक*

भोटाहिटी, सिंहदरवार र मन्थली र उत्कृष्ठ कार्य सम्पादन गर्ने ४४ कर्मचारीलाई नगद, प्रमाणपत्र सहित सम्मानित गरियो। बैंकको ब्रान्च अपरेसन विभाग र तालीम तथा विकास विभागको संयुक्त आयोजनामा गोकर्णमा संचालित उक्त कार्यक्रममा बैंकको कुल कारोवारमा झण्डै आधा हिस्सा ओगट्ने यस क्षेत्रका ३८ शाखा प्रवन्धक, पुरष्कृत ४४ कर्मचारीको उपस्थिति थियो। साथै बैंक संचालक समितिका



*गोष्ठिकै क्रममा सञ्चालित ग्राहक सेवा सम्बन्धी प्रशिक्षण कार्यक्रमको एक झलक*

सदस्यहरु डा.जितेन्द्र प्रसाद उपाध्याया,ज्ञानेन्द्र राज कोइराला,वटुकनाथ ढकाल,हरि प्रसाद मुनकमी,डा.रामदेव सिंह एवं बैंक व्यवस्थापनका उच्च पदाधिकारीहरुको समुपस्थिति थियो।

यसै मौकामा उत्कृष्ठ कर्मचारीलाई प्रदान गरिएको २१ औ शताव्दीमा ग्राहक सेवा विषयक प्रशिक्षण कार्यक्रममा वाह्य श्रोत व्यक्ति शोभन बहादुर खत्री,तालीम तथा विकास विभागका उपप्रमुख मित्रलाल पंज्ञानी तथा जनसम्पर्क तथा सूचना शाखाका वरिष्ठ प्रवन्धक मुकुन्द अर्याल लगायतका व्यक्तिले प्रशिक्षण दिनुभएको थियो।

# राष्ट्रिय वाणिज्य बैंक
# ग्राहक मैत्री छ

**केहि बर्ष अगाडिसम्म ३८ करोड रुपैयाँ चुक्ता पूँजी भएको राष्ट्रिय वाणिज्य बैंकको चुक्ता पूँजी अहिले ८ अर्ब ५८ करोड रुपैयाँ नाघेको छ । यस्तै नेटवर्थ २२ अर्ब रुपैयाँ ऋणात्मक भएको अवस्थावाट सुधार भएर अहिले साढे ७ अर्ब रुपैयाँ धनात्मक भएको छ । पूँजी पर्याप्तता कोष ३३ प्रतिशतले ऋणात्मक भएकोबाट सुधार भएर अहिले १० प्रतिशतभन्दा बढी धनात्मक भएको छ । बैंकले यति छिटै फड्को मार्नुमा ग्राहकको विश्वास, सरकारको सहयोग र कर्मचारीको अथक प्रयास भएको बताउनु हुन्छ बैंकका प्रमुख कार्यकारी अधिकृत कृष्णप्रसाद शर्मा । यति हुँदाहुँदै पनि मुलुकका ३० वाणिज्य बैंकमध्ये २९ ओटाले सर्वसाधारणलाई सेयर जारी गर्दासमेत राष्ट्रिय वाणिज्य बैंकले भने अझै जारी गर्न सकेको छैन । गत आर्थिक बर्षमा ४ अर्ब ५० करोड रुपैयाँ नाफा गरेर सबैभन्दा बढी नाफा कमाउने बैंकमात्र नभै निक्षेप तथा कर्जा परिचालनमा समेत अग्रस्थानमा रहेको सो बैंकको साधारण सेयरमा सर्वसाधारणको चासो छ । यस्तै राष्ट्र बैंकले वाणिज्य बैंकहरुको चुक्ता पूँजी २ बर्षमा ४ गुणाले बृद्धि गर्ने योजना पनि ल्याएको छ । यस्तो योजनाप्रति केहि बैंकका अधिकारीले असहज पनि महसुस गरेका छन् । यसै सन्दर्भमा बैंकको आगामी कार्यदिसा, सेयर निश्कासन, तथा अन्य निजी बैंकसँगको प्रतिस्पर्धा लगायतका विषयमा बैंकका प्रमुख कार्यकारी अधिकृत शर्मासँग राजधानी पत्रिकाका आर्थिक पत्रकार शिव सत्यालले गरेको कुराकानीः**



**कृष्णप्रसाद शर्मा**
**प्रमुख कार्यकारी अधिकृत**
**राष्ट्रिय वाणिज्य बैंक**

**'हाम्रो बैंक ग्राहकमैत्री छ । अप्ठ्यारा कर्मचारी छैनन् । गाउँले भाषा पनि बुझ्छन्, औंठा छापको काम पनि गरिदिन्छन्, घरब्यबहारमा पनि सहभागी हुन्छन्, अत्याधुनिक सेवा पनि चलाउन सक्छन्, किसानलाई पनि चिनेका छन् र ठूला ब्यापारीलाई पनि चिनेका छन् ।'**

**नेपाल राष्ट्र बैंकले ल्याएको पूँजी बृद्धिको योजना कत्तिको सान्दर्भिक देख्नुहुन्छ ?**

नेपाल राष्ट्र बैंकले मौद्रिक नीति मार्फत पूँजी बृद्धिको योजना अगाडि सारेको छ । पूँजी बृद्धि आवश्यक छैन भनेर कसैले भनेको छैन । समय कम भयो भन्ने गुनासो मात्रै हो । पूँजी योजना बनाएर राष्ट्र बैंकसँग अनुरोध गऱ्यो भने केहि निकास आउछ होला जस्तो लाग्छ । पूँजी बृद्धि आवश्यक हो कि होइन भन्ने सन्दर्भमा राष्ट्र बैंकले पनि निकै धेरै अध्ययन गरेको हामीले पाएका छौं । हामी आफैले पनि हेर्दा र अध्ययन गर्दा पनि बैंक तथा वित्तीय संस्थाको चुक्ता पूँजी सबैभन्दा कम हाम्रो देशमा नै रहेछ । हाम्रै छिमेकी देशहरुमा पनि पूँजी आकार हाम्रो भन्दा निकै ठूलो छ । अब हामी विकासको गतितिर लम्किनु पर्ने छ । ठूलाठूला आयोजनाहरु ल्याउनु पर्ने छ । यसले गर्दा ठूलो पूँजी आधार भएको बैंक हुदाँ राम्रो हुन्छ । यसलाई कसरी सजिलो बनाएर पूँजी बृद्धि गर्ने, केके अवस्थाहरु गर्ने भन्ने विषयमा राष्ट्र बैंकसँग बसेर छलफल गर्दा राम्रो हुन्छ ।

**समय कम भयो भन्ने गुनासो पनि आएको छ, काम सुरु नै नगरिकन समय कम भयो भन्ने आधार के हो ?**

हामीले २ बर्षको समय पाएका छौं । त्यो समयभित्र प्रयासहरु गर्नु पऱ्यो । प्रयास गर्दै गर्दा समय पुगेन भने राष्ट्र बैंकले पक्कै पनि 'कन्सिडर' गर्ला । तर सुरुवातै नगरि समय कम भयो भन्ने आधार हुन्छ जस्तो मलाई लाग्दैन । मेरो विचारमा पूँजी बृद्धि आवश्यक छ । समयानुकल छ । केही समस्या छन् भने राष्ट्र बैंकसँग बसेर छलफल गर्नुपर्छ ।

**सरकारी स्वामित्वका बैंकको पूँजी राष्ट्र बैंकले तोके अनुसार नपुग्दा पनि उनीहरुले छुट पाए, तर यस्ता बैंकको पूँजी ८ अर्बको हाराहारीमा पुग्ने वित्तीकै पूँजी बृद्धिको योजना आयो, यो त पक्षपाती ब्यवहार होइन र ?**

पक्षपोषण गरेको छैन । तोकिए अनुसारको चुक्ता पूँजी नपुगेको भनेर हामीलाई सजाय गरेकै हो । हामी अझै पनि शिघ्र सुधारात्मक कारवाही (पिसिए) अन्तरगत नै छौं । नेपाल बैंक पनि हाम्रो जस्तै गरी चलिरहेको छ । कृषि विकास बैंकको पूँजी पुगिसकेको छ । सरकारले पूँजी निवेश पनि गरिरहेको छ । यसकारण हामीले छुट पाएको वा पक्षपोषण गरिएको होइन । अहिले परिस्थिति यस्तो पर्न गयो होला । सरकारले वित्तीय क्षेत्र सुधार कार्यक्रम ल्यायो । सरकारले आफ्नो बैंकलाई मात्रै हेऱ्यो भन्न मिल्दैन । त्यो बेलाको परिस्थितिमा बैंकिङ्ग सेवा विस्तार गर्ने रणनीति पनि थियो । बैंकका शाखाहरु धेरै खोलिएका थिए । बैंकका लाइसेन्सहरु वितरण गरिएको थियो । अब संख्यात्मक रुपमा बढी बैंक भन्दा पनि ठूलो पूँजी भएका बैंकको आवश्यकता महसुस भयो होला । यो समय सापेक्ष पनि छ । किनभने ब्यवसायहरु ठूलो हुदै गएका छन् । एउटै ऋणीवाट २/३ अर्बको कर्जाको माग हुन थाल्यो । निजी क्षेत्रवाट ७/८ अर्ब रुपैयाँको लगानीमा जलविद्युत आयोजनाहरु निर्माण हुन थालेका छन्, त्यस्ता परियोजनामा कर्जाको माग हुन थालेको छ । यस्तो अवस्थामा निक्षेप धेरै भए पनि पूँजीको आधार ठूलो भएन भने हामीले लगानी गर्न सक्दैनौं । कर्जाको लागि धेरै बैंक चाहार्नु पर्छ । पूँजी आधार सानो हुदा हाम्रो एकल कर्जा सीमाले नपुग्ने भएकोले अरु बैंक खोज्न जानुस भन्नुपर्ने अवस्था आइसक्यो । यसकारण पूँजी बृद्धि आवश्यक हो ।

**बैंकको ब्यवसाय विस्तार गर्न, शाखा संजाल ठूलो बनाउन र ग्रामीण क्षेत्रसम्म बैंकिङ सुविधा पुऱ्याउनको लागि पूँजी आधार मात्रै आवश्यक हो ?**

पूँजी भनेको बैंक खोल्नेहरुको आफ्नै इक्वीटी हो । इक्विटी जति बढी भयो जोखिम बहन क्षमता पनि त्यति नै धेरै हुन्छ । अहिलेसम्म पूँजीको ब्यवस्था जोखिमकै आधारमा गरिदै आइएको छ । ठूलो परियोजनामा लगानी गर्दा ठूलै जोखिम हुन्छ । त्यसवाट हुने नोक्सानी वहन गर्नको लागि पूँजीको आवश्यकता हुन्छ ।

**यहि बैंकको विगत हेर्ने हो भने पनि राष्ट्र बैंकले भने अनुसार शाखा संजाल ठूलो बनाउदा समस्या पनि ठूलै आउने रहेछ नि ?**

त्यहि भएर शाखा जति विस्तार हुदै जान्छन्, कारोवार जति विस्तार हुदै जान्छ, जोखिम पनि त्यति बढ्दै जान्छ । जोखिम बढेपछि त्यसलाई बहन गर्ने त पूँजीले नै हो । लगानीकर्ताले जोखिम मापन गर्ने तत्व नै पूँजी हो ।

**बैंकिङ क्षेत्रको औसत प्रतिफल २०/२२ प्रतिशत छ, अब ४ गुणाले पूँजी बृद्धि गर्ने हो भने प्रतिफलको अवस्था कस्तो होला ?**

ब्यवसाय पनि बर्षको २०/२२ प्रतिशतले विस्तार हुदैछ । राजनीतिक स्थीरता आयो भने ब्यवसाय विस्तार यो भन्दा धेरै नै हुन सक्छ । अन्य देशको हेर्दा बैंकिङ क्षेत्रले १० देखि १५ प्रतिशतको प्रतिफल दिएको देखिन्छ । कुनै देशका केहि ठूला बैंकले ५० प्रतिशत र कुनैले त शतप्रतिशत पनि प्रतिफल दिएको देखिन्छ । अर्को कुरा बैंकमा लगानी तत्कालिन प्रतिफलको लागि होइन । लगानीको दीर्धकालमा प्रतिफल हुन्छ । बैंकको लगानी अल्पकालिन होइन । अल्पकालिन प्रतिफल खोज्ने हो भने सेयर बजारमा जानु पर्‍यो, रियलस्टेटमा जानु पर्‍यो । दीर्धकालसम्म प्रतिफल आउछ, दीर्धकालसम्म भविष्य सुरक्षित छ भन्ने मान्यता राखेर यो क्षेत्रमा लगानी गर्ने हो ।

**बैंकर र ब्यवसायी छुट्टयाउने तथा २ बर्षमा पूँजी ४ गुणाले बढाउने नीति ठिकै हो ?**

ऋण लिने मान्छे बैकर हुनु भएन भन्ने सोच राष्ट्र बैंकको छ । आफै लगानीकर्ता भयो भने बैंकको संचालक समितिमा पुगिन्छ, आफै ब्यवस्थापनमा पुगिन्छ, यस्तो अवस्थामा बढी जोखिम लिन सक्ने तर्फ प्रभावित होइन्छ भन्ने आधार राष्ट्र बैंकको हो । लगानीकर्ताले आफ्नो लगानीको सुरक्षा मात्रै हेरोस, अन्य कुरा नहेरोस भनेर यस्तो नीति ल्याइएको हो । यो नीति ठिकै हो । अन्य देशहरुमा पनि यस्तै छ । तर हाम्रो देशमा लगानीकर्ता सिमित छन् । उनीहरुको उद्योग ब्यवसाय पनि छ । बैंकमा लगानी पनि छ । यसैले यस्तो अप्ठ्यारो भएको हो ।

**पूँजी बृद्धि हुने वित्तीकै बैंक सुरक्षित हुन्छ ?**

पक्कै हो । पूँजी आधार ठूलो भएपछि सानो तिनो झड्काले बैंकलाई समस्यामा पार्दैन । बाच्न सक्यो भने भोलिको दिनमा बैंकले ब्यवसाय विस्तार गर्न सक्छ ।

**२ अर्ब पूँजी भएको बैंक समस्यामा पर्‍यो भने राष्ट्रिय अर्थतन्त्रमा आउने तरंग भन्दा ८ अर्बको पूँजी भएको बैंक समस्यामा पर्दा आउने तरंग ठूलो हुदैन र ?**

त्यस्तो मात्रै होइन । जस्तो अहिले २ अर्ब पूँजी भएको बैंकलाई ५० करोड रुपैयाँ पूँजी क्षय हुने गरी जोखिम बढ्यो भने त्यो बैंकले अब कारोवार गर्न पाउदैन । तर पूँजी ८ अर्ब रुपैयाँ भयो भने त २ अर्बसम्मको जोखिम बहन गर्न सक्छ । ठूलो पूँजी भएका बैंकको जोखिम बहन क्षमता बढी हुन्छ ।

**तपाइको बैंक आरामदायी अवस्थामा भएकोले राष्ट्र बैंकको नीतिलाई समर्थन गर्नुभएको हो ?**

त्यस्तो होइन । हामी त समस्यावाटै आएको हो । हामी संघर्ष गरेरै आएका हौं । पूँजी कम हुदा के हुदो रहेछ भन्ने कुरा हामीले सामना गरेका छौं । पूँजी सम्बन्धि राष्ट्र बैंकले स्पष्ट रणनीति नलिएको समयमा हाम्रो बैंकको पूँजी २३ अर्ब रुपैयाँले ऋणात्मक थियो । हाम्रो पूँजी १ अर्ब १७ करोड रुपैयाँ थियो । यसमध्ये पनि चुक्ता पूँजी ३८ करोड रुपैयाँ मात्र थियो । हामीले जम्मा ३८ करोडले बैंक चलाइ रहेका थियो । जोखिम बढ्दै गएको थियो, त्यस्तो जोखिम बहन गर्न सक्ने अवस्था थिएन । अनि हामी समस्यामा पर्‍यौं । बैंकको पूँजी २३ अर्ब रुपैयाँले ऋणात्मक भएको अवस्थामा बैंक चल्न सक्ने कुरा कल्पनै गर्न सकिदैनथ्यो । त्यस्तो अवस्थामा पनि ग्राहकले विश्वास गर्नुभयो । सरकार राष्ट्र बैंकले पनि सहयोग गरे । हामीले नाफा बृद्धि गरेर पूँजी बढाउदै गयौं । सरकारले पनि विनिवेश गर्‍यो र हामी आजको अवस्थामा आइपुग्यौं । हामीलाई अझै पनि पुजीको आवश्यकता छ । पूँजी पर्याप्तता पुगेपनि हामी पूँजी बृद्धि गर्ने योजनामै छौं । ब्यवसायमा झड्का लाग्न सक्छ । त्यस्तो अवस्थामा बैंकलाई बचाउने पूँजीले नै हो । पूँजीकोष १२ प्रतिशतभन्दा बढी राख्ने योजनामा हामी छौं ।

> **बैंकले पूँजी, मुनाफा, आधुनिक बैंकिङ्ग सेवा निक्षेप कर्जा कारोबार भाखा नाघेको कर्जा अनुपात सबैमा उल्लेख्य सुधार हासिल गरेको छ । यो सुधारलाई दिगो गराउनु बैंक सामु चुनौती रहेको छ ।**

**राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाको बर्गिकरण हटाएर युनिभर्सल बैंकिङमा जाने भनेको छ, बाणिज्य बैंकहरुको दबाबमा यस्तो नीति ल्याइएको हो ?**

बैंकिङ्ग भनेको गतिशील ब्यवसाय हो । हामीले आफ्नो आन्तरिक बजार मात्र होइन क्षेत्रीय र अन्तराष्ट्रिय बजार पनि हेर्नुपर्ने हुन्छ । बिदेशका बैंक यहाँ आउन सक्छन् । हामी विदेश जान सक्छौं । त्यसैले विश्व बजारलाई हेरेर बैंकिङ क्षेत्र अगाडि बढ्नु पर्ने हुन्छ । अन्तर्राष्ट्रिय मापदण्ड अनुसार अगाडि बढ्नु पर्ने हुन्छ । अहिले आइएफआरएसको कुरा आएको छ । सवै देशमा यस्तो मापदण्ड लागू गर्ने भनिएको छ । हाम्रो देशमा पनि सन् २०१६/१७ देखि लागू गर्ने भनिएको छ । ब्यवसाय खुल्ला गरेपछि अन्तराष्ट्रिय स्तरमा पुग्नै पर्छ । अहिले नै अन्तर्राष्ट्रिय स्तरमा एकै पटक जान सक्ने अवस्था नभए आन्तरिक बजारको अध्ययन गरेर त्यस दिसातर्फ अगाडि बढ्न जरुरी हुन्छ ।

**त्यति धेरै विग्रिएको यो बैंकको सुधार कसरी सम्भव भयो ?**

बैंकको वित्तीय अवस्था विग्रिएको समयमा पनि हामीसँग दुईटा कुरा थियो । हामीप्रति ग्राहकको विश्वास थियो र आन्तरिक स्रोत थियो । विगतमा बैंकलाई ब्यवसायिक भन्दा पनि सेवा गर्ने संस्थाको रुपमा हेरियो । उसको पूँजी कति चाहिन्छ, नाफा कति गर्नुपर्ने हो, कतिसम्म नोक्सानी ब्यहोर्न सकिन्छ भन्ने जस्ता कुरातिर ध्यान दिइएन । ब्याजदर पनि राष्ट्र बैंकले नै तोक्ने गर्थ्यो । कर्मचारी कति गर्दा ठिक हुने हो भन्ने थाहा थिएन । प्रविधि पनि अपनाइएको थिएन । परम्परागत रुपमा नै बैंक चलाइएको थियो । त्यो अवस्थामा ब्यवसायिक हुन सकेका थिएनौं । तर पछि प्रतिस्पर्धा हुन थाल्यो । राष्ट्र बैंकका नीतिहरु पनि प्रतिस्पर्धी बन्नु पर्ने ब्यवसायिक हुनुपर्ने गरी आउन थाले । अनि मात्र हामीहरु त्यतातिर जान बाध्य हुन थाल्यौं । त्यहि सन्दर्भमा वित्तीय क्षेत्र सुधार कार्यक्रम पनि आयो । सरकारी स्वामित्वका बैंकहरु पनि प्रतिस्पर्धी बन्नु पर्छ, अन्तराष्ट्रिय मापदण्ड अनुसारका बन्नुपर्छ भन्ने मान्यता विकास भयो । हामीहरुसँग अनुभव थियो । ग्राहकहरुलाई विश्वास दिलाउन सक्ने अवस्था थियो । प्रतिस्पर्धा गर्न सक्ने क्षमता पनि थियो । तर पनि हामीले खास दिसा पाउन सकेका थिएनौं । पछिल्लो समयमा सवै कुरामा सुधार भएर हामी आजको अवस्थामा आएका छौं । चुनौति अझै पनि छन् । तर पनि अब अगाडि बढ्नको लागि हामीलाई समस्या छैन ।

**बैंकको सुधार के कस्ता विषयमा भएको छ ?**

जस्तो पूँजीलाई हेरौं । वित्तीय क्षेत्र सुधार लागू हुने समयमा हाम्रो चुक्ता पूँजी ३८ करोड रुपैयाँ थियो । र, ७८ करोड रुपैयाँको प्रिफरेन्स सेयर थियो । यी दुबै गरेर बैंकको पूँजी १ अर्ब १८ करोड रुपैयाँ थियो । आज यसको चुक्ता पूँजी बृद्धि भएर ८ अर्ब ५८ करोड रुपैयाँ छ । यसमा सरकारले पनि पूँजी निवेश गरेको छ । हामीले नाफा पनि गरेका छौं । वित्तीय क्षेत्र सुधार गर्ने समयमा हाम्रो नेटवर्थ २२ अर्ब रुपैयाँले ऋणात्मक थियो । अहिले साढे ७ अर्ब रुपैयाँले धनात्मक छ । सो समयमा क्यापिटल एडुकेसी ३३ प्रतिशतले ऋणात्मक थियो । अहिले १० दशमलब ३४ प्रतिशतले धनात्मक छ ।

**बैंकको टर्निङ प्वाइन्ट के हो जस्तो लाग्छ ?**

हाम्रो बैंकको सुधारको लागि ३/४ ओटा विषयले काम गरे जस्तो मलाइ लाग्छ । पहिलो कुरा त पूँजी पर्याप्तता पुऱ्याउन सक्यौं । पूँजी निवेश गर्नको लागि सरकारलाई सहमत गराउन सक्यौं । अहिले बैंकको अवस्था हेर्दा पूँजीलाई हेर्ने चलन छ । ग्राहक पनि ब्यवसायिक भैसके । राष्ट्रिय वाणिज्य बैंकले पूँजी पर्याप्तता पुऱ्यायो, अब यो बलियो भयो,

अब योसँग कारोवार गर्नुपर्छ भन्ने मान्यता विकास भयो । दोस्रो कुरा हामीसँग जहिले पनि धेरै निक्षेप रह्यो । हामीसँग साना साना निक्षेपहरु छन् । सस्थागत निक्षेप हामीसँग छैन । बचत, चल्ती जस्ता शिर्षकका निक्षेप धेरै छ । मुद्दतिमा १० प्रतिशत पनि निक्षेप छैन । यो कुराले एकातिर प्रसस्त स्रोत र सस्तो दरको स्रोत भएको सन्देश प्रवाह भयो । ग्राहकलाई ब्याज धेरै तिर्नु पर्दैन र ब्याजको उतारचढाव पनि धेरै पर्दैन भन्ने सन्देश गयो । तेस्रो विषय हिजोको दिनमा हामीसँग प्रविधि नै थिएन । हामीले लेजरमा काम गर्थ्यौं । यसविचमा हामीले प्रविधिको प्रयोगलाई बढी जोड दियौं । करिब २६ जना अधिकृत स्तरका प्राविधिक छन् भने करिब २ सय जना सहायक स्तरका प्राविधिक हामीले भित्र्यायौं । यति गरेपछि हामीले हाम्रा सवै शाखालाई एनि ब्रान्च बैंकिङ (एबिबिएस) गर्न सक्यौं । नेपालमा उपलब्ध सवै इलेक्ट्रोनिक् प्रोडक्ट हाम्रो बैंकले दिन सफल भयो । यसले गर्दा अब यो बैंक पनि प्रभावकारी रुपमा अगाडि बढ्छ भन्ने धारणा आम ग्राहकको बन्यो । प्रविधिमा जोड दिएकोले भोलिको दिनमा हाम्रो आवश्यकता यो बैंकले पूरा गर्न सक्छ भन्ने विश्वास जाग्यो । चौथो बिषय हाम्रा कर्मचारी दक्ष छैनन्, परियोजना विश्लेषण गर्न जान्दैनन्, प्रविधि मैत्री छैनन्, त्यसैले हाम्रो आवश्यकता यो बैंकले पूरा गर्न सक्दैन कि भन्ने शंका हामीप्रति थियो । नया कर्मचारी भित्र्यायौं । प्रविधिमैत्री कर्मचारी भित्र्याएको कुरा मैले माथि नै भनिसके । लेखासँग सम्बन्धित विषय विश्लेषण गर्न सक्ने कर्मचारी बजारमै सवैभन्दा धेरै हामीसँग छन् । जिल्लागत रुपमा पनि कर्मचारी लियौं । स्थानीयतहमा पढेका कर्मचारी आए । हामीले नियमित रुपमा कर्मचारीलाई तालिम दिइरहेका छौं । बर्षको २२ सय जति कर्मचारीलाई प्रत्येक बर्ष तालिम दिने गरिएको छ । यसले उनीहरुको दक्षतामा बृद्धि भयो । यसवाट ग्राहकलाई पनि फाइदा भयो । पाचौं कुरा ऋण लिनेहरुलाई पनि स्रोत सस्तो छ, कर्मचारी प्रविधि मैत्री छन्, अत्याधुनिक सेवा पनि छ, जति पैसा पनि दिन सक्छ र जति पनि पैसा बुझाउन सकिन्छ भन्ने सन्देश गयो । आज १० करोड रुपैयाँ कर्जा लिनेले भोलि २० करोड रुपैयाँ पनि दिन सक्छ भन्ने विश्वास जाग्यो । तरलता कम छ, भनेर यो बैंकले कर्जा रोक्दैन भन्ने विश्वास जाग्यो । अर्को कुरा हाम्रो बैंक ग्राहकमैत्री छ । अप्ठ्यारा कर्मचारी छैनन् । गाउले भाषा पनि बुझ्छन्, औठा छापको काम पनि गरिदिन्छन्, घरब्यबहारमा पनि सहभागी हुन्छन्, अत्याधुनिक सेवा पनि चलाउन सक्छन्, किसानलाई पनि चिनेका छन् र ठूला ब्यापारीलाई पनि चिनेका छन् । यसले गर्दा पनि हाम्रो बैंकमा सवैको सहभागीता भयो । थप कुरा के पनि हो भने यो बैंकको ब्यवस्थापनमा पनि नियमितता भएको छ । कुनै समयको कुरा नगर्ने हो भने अधिकांश समय यो बैंकको ब्यवस्थापन नियमित भएको छ । यसले पनि बैंकलाई अगाडि बढ्न सजिलो भयो ।

### बैंकका नयाँ योजना के कस्ता छन् ?

हामीले सर्वसाधारणलाई सेयर दिने प्रक्रिया अगाडि बढाएका छौं । मन्त्रिपरिषदवाट स्वीकृति प्राप्त भैसकेकोले प्रक्रियामा नै छ । धेरैको चासो पनि यसमा छ । अर्थमन्त्रालयले निर्देशन दिने वित्तीकै सेयर सार्वजनिक गर्छौं । अहिले हामी देशको एक नम्बर बैंक बनेका छौं । कूल सम्पत्तिको रुपमा हेर्ने हो भने हामी नेपालकै एक नम्बरमा छौं । हामीसँग १ खर्ब ४३ अर्बको सम्पत्ति छ । निक्षेप १ खर्ब २५ अर्ब रुपैयाँ छ । यो पनि सवै बैंकको भन्दा धेरै हो । कर्जा ७५ अर्ब रुपैयाँभन्दा बढी छ । यो पनि नेपालका सवै बैंकको भन्दा धेरै हो । गत बर्ष ४ अर्ब ५० करोड रुपैयाँ नाफा गरेका छौं । यो पनि नेपालका बैंकमध्ये सवैभन्दा बढी हो । ग्राहक संख्या २२ लाख पुगिसकेका छन् । यो पनि सवैभन्दा धेरै हो । शाखा, काउन्टर, एटिएम, मोवाइल बैंकिङ, ब्रान्चलेस बैंकिङ सहितका संजाल जोड्ने हो भने त्यसमा पनि हामी नै अगाडि छौं । त्यसैले हरेक सुचकले हामी नेपालको एक नम्बर बैंक बनेका छौं । अब यसलाई कायम राख्दै आगामी दिनमा पनि हरेक हिसावले एक नम्बर बैंक बन्ने र देशको आर्थिक विकासमा योगदान गर्ने योजना बनाएका छौं । यसका लागि भिजन २०२० बनाउदै छौं । हामीले विगतमा बनाएको विजनेस प्लान पूरा गरेका छौं । अब हामी रणनीतिक योजना अनुसार अगाडि बढ्छौं । मर्चेन्ट बैंकिङ र लघुवित्त स्थापना गर्ने तयारी पनि गरेका छौं । भारतमा शाखा विस्तार गर्ने कार्यक्रम पनि छ । बैंकलाई अन्तराष्ट्रिय बजारमा पनि लैजाने सोच बनाएका छौं ।

### ब्रान्च प्रोफाईल

## शाखा कार्यालय बागलुङ्बजार (३३७)




| क्र.म | २०७२ आषाढ मसान्त | रु ००० मा |
|---|---|---|
| १ | निक्षेप | २०८५३७ |
| २ | कर्जा | २८९४४९ |
| ३ | NPA | ० प्रतिशत |
| ४ | खुद नाफा आ.ब २०७१/७२ | २४६०२ |
| ५ | बैदेशिक रेमिटेन्स आ.ब २०७१/७२ | ११७०५ |
| ६ | प्रबन्धकको नाम | तेजेन्द्र प्रसाद पौडेल |
| ७ | कर्मचारी संख्या | ७ |
| ८ | सफलताको कारण | कर्मचारीहरुको लगनशीलता र ग्राहकको माया |



*गत आर्थिक वर्षमा देशभरका घ वर्गका राबाबैंक शाखामध्ये प्रथम स्थान हासिल गर्न सफल यस शाखामा कार्यरत कर्मचारीहरु*

## ग्राहक संचेतना

**एटिएम प्रयोगकर्ताले अपनाउनु पर्ने सावधानी**

» पिन नम्बर गोप्य राख्ने, यसलाई कुनै कागजात वा इलेक्ट्रोनिक डिभाईसमा लेखेर नराख्ने ।
» एटिएम कार्डलाई अरुको पहुँचबाट जोगाउने ।
» एटिएम प्रयोग गर्दा अपरिचित व्यक्तिबाट सहयोग नमाग्ने ।
» एटिएम वुथमा हेल्मेट र मास्क लगाएर नजाने ।
» बैकबाट एटिएम कार्ड लिने वित्तिकै सिग्नेचर प्यानलमा दस्तखत गर्नु पर्छ, यसो गरे तपाईंको कार्ड अन्य व्यक्तिले प्रयोग गर्न सक्तैन ।
» बैकले प्रदान गरेको गोप्य नम्बर (पिन नम्बर ) बेलाबेलामा परिवर्तन गर्ने ।
» पिन नम्बर थिच्दा नदेखिने गरि थिच्नुहोस ।
» एटिएम बुथले दिने रसिद च्यातेर फयाक्नुहोस् ।
» क्रेडिट कार्ड प्रयोग कर्ताले कुनै पसलमा कार्डबाट सामान खरिद गर्दा गोप्य नम्बर आफै थिच्नुहोस् ।
» गोप्य नम्बर बैकका अधिकारीलाई पनि नबताउनुहोस् ।
» एटिएम कार्ड हराएमा तुरुन्त बैंकको हटलाईन नम्बरमा फोन गरेर कार्ड बन्द गराउनुहोस् ।
» क्रेडिट कार्डका प्रयोगकर्ताले कारोवार स्लिप संग्रह गरेर राख्नुहोस् ,त्यसले तपाईलाई महिनाको अन्तमा कारोवार परीक्षण गर्न सहज हुन्छ ।
» अनलाईन मार्फत एटिएम प्रयोग गर्दा सुरक्षित वेवसाईट रोज्नुहोस् ।

मानव संशाधन स्तम्भ

## तालिम विदेश

१) यस बैंकका मुख्य प्रवन्धकत्रय केशव प्रसाद लम्साल, टेकराज जोशी र नरेशराज अर्यालले Asia Pacific Rural & Agricultural Association Consultancy द्वारा २२ अगष्त २०१५ देखि १ सेप्टेम्बर २०१५ सम्म इण्डोनेसियाको जाकर्ता,वाङडुङ, वाली र थाइल्याण्डमा संचालित The International Visit Program On promoting Small Holder Farmers & MSME's ( Micro Small and Medium Enterprizes ) Access to Finance विषयक कार्यक्रममा सफलतापूर्वक भाग लिनु भयो




*भिजिट कार्यक्रमका अन्य सहभागीहरुकासाथ राबावैंकका पदाधिकारीहरु*

*नोटः मुख्य प्रवन्धक केशवप्रसाद लम्सालद्वारा लिखित काठमाडौं देखि जाकर्तासम्म शिर्षकको यात्रा संस्मरण स्थानाभावको कारणले यस अंकमा समावेश गर्न नसकिएकोले आगामी अंकमा प्रकाशित गरिने छ ।*

२) थाईल्याण्डको राजधानी बैंककमा २१ अक्टुवर देखि २५ अक्टुवर २०१५ सम्म संचालित प्रोफेसनल ट्रेनिंग अन् बैकिंग म्यानेज्मेन्ट विषयक तालीम कार्यक्रममा यस बैकका निम्न २२ प्रवन्धकहरुले सफलतापूर्वक भाग लिनुभयो ।

प्रवन्धक कविन्द्रप्रताप शाह, प्रवन्धक आनन्द शर्मा पौडेल
प्रवन्धक शम्भुप्रसाद शर्मा, प्रवन्धक सन्जयकुमार श्रेष्ठ
प्रवन्धक ऋषभ भट्टराई, प्रवन्धक राजेन्द्र आचार्य (३७२७)
प्रवन्धक दिनेश गौतम, प्रवन्धक अच्युत गौतम
प्रवन्धक भोलानाथ पौडेल, उपप्रवन्धक शोभाकर गौतम
उपप्रवन्धक प्रवीणराज शर्मा (१७५२), उपप्रवन्धक पवनकुमार सापकोटा
उपप्रवन्धक (सूचना प्रविधि) वुध्दिप्रसाद अधिकारी
उपप्रवन्धक (कानून) सानुभाई खड्का, उपप्रवन्धक प्रेम बहादुर दाहाल
उप प्रवन्धक (लेखा) सन्ध्या सिंह, उप प्रवन्धक (लेखा) माधव खनाल
सहायक प्रवन्धक रंजीता कुमारी, सहायक प्रवन्धक महेन्द्र गुरु
सहायक प्रवन्धक त्रिचन्द्र भडारी, सहायक प्रवन्धक राजेन्द्र प्रसाद पौडेल
सहायक प्रवन्धक महेन्द्र प्रसाद तिमिल्सेना

## समवेदना

यस बैंकको शाखा कार्यालय फिक्कलका वरिष्ठ सहायक ऋषिराम पोखरेल (८५९७) का बुबा उत्तममणी पोखरेलको मिति २०७२/३/२१ मा, केन्द्रीय कार्यालय मार्केटिङ्ग तथा अनुसन्धान विभागका सहायक प्रवन्धक भरतमान श्रेष्ठकी माता शारदा कुमारी श्रेष्ठको मिति २०७२/३/२१ मा, शाखा कार्यालय विजुवारका वरिष्ठ सहायक राजी पोखरेल (११४३०) की माता निमदेवी उपाध्यायको मिति २०७२/४/१३मा, शाखा कार्यालय सुर्यविनायकका वरिष्ठ सहायक मधुराम ढुङ्गानाकी माता टोल कुमारी ढुङ्गानाको मिति २०७२/४/२५ मा, शाखा कार्यालय बैतडिका प्रवन्धक माधव प्रसाद भट्टका पिता हरदेव भट्टको मिति २०७२/४/२६ मा, शाखा कार्यालय कोटिहवाका सहायक ख रेवति प्रसाद गौतमका पिता उदयराज गौतमको मिति २०७२/४/४ मा निधन भएकोले दिवंगत आत्माहरूको चिर शान्तिको लागि सर्वशक्तिमान भगवानसंग प्रार्थना गर्दै शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं ।

राष्ट्रिय वाणिज्य बैंक
परिवार

## यूनियन गतिविधि

## नेपाल वित्तिय संस्था कर्मचारी संघ रावावैकद्वारा विचार गोष्ठीको आयोजना

**भाद्र २४ काठमाडौं**

महामानव विश्वेश्वर प्रसाद कोइरालाको १०१ औ जन्म जयन्तीको अवसरमा नेपाल वित्तिय संस्था कर्मचारी संघ रावावैक केन्द्रीय समितिद्वारा नेपालको वर्तमान राजनीतिमा वी.पी. विचारको सान्दर्भिकता विष्यक विचार गोष्ठीको



आयोजना गरियो । सो अवसरमा प्रमुख अतिथि वन तथा भूसंरक्षण मन्त्री महेश आचार्यले चिन्तक, अभियन्ता, साहित्यकार, राजनीतिज्ञ लगायत वहुआयामिक व्यक्तित्वका धनी वी.पी.यस युगकै मार्गदर्शक रहेको वताउंदै उहांको साहित्यिक विधामा मानवीय मूल्य र राजनीतिक विधामा मानव स्वतन्त्रता, समृध्दि र समतामूलक समाज मुखरित भएको वताउनुभयो । मन्त्री आचार्यले युध्दको निरर्थकताबाट भित्रैबाट प्रभावित वी.पी.को राष्ट्रिय मेलमिलाप नीति अद्यापी उत्तिकै सान्दर्भिक रहेको वताउनुभयो। सो अवसरमा राष्ट्रिय वाणिज्य बैंक संचालक समतिका अध्यक्ष डा. रेवत बहादुर कार्कीले देशले केही वर्षयता अवलम्वन गरेको आर्थिक उदारिकरणबाट राष्ट्रिय अर्थतन्त्र आत्मनिर्भरतातर्फ उन्मुख भएको वताउनु भयो भने राष्ट्रिय वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत कृष्ण प्रसाद शर्माले राष्ट्रको उन्नयन निम्ति आर्थिक समृध्दिलाई प्राथमिकतामा राख्नुपर्ने वताउनुभयो । सो अवसरमा साहित्यकार डा. तुलसी भटटराई ,संविधान सभाका सदस्यहरु प्रदिप पौडेल,



गगन थापा, बहादुर सिंह लामा, रामहरि खतिवडा, ने.का.का यूवा नेता चन्द्र भण्डारी, नेपाल ट्रेड यूनियन कांग्रेसका केन्द्रीय अध्यक्ष खिलानाथ दहाल लगायतका वक्ताले वी.पीं.को वहुआयामिक व्यक्तित्व र वी.पी. आदर्श एवं सिध्दान्तबाट वर्तमान पुस्ताले सिक्नुपर्ने पाठबारे मन्तव्य दिनुभएको थियो ।

## भूकम्प प्रभावित ...

*क्रमश पृष्ठ १ बाट*

योगदान पुरयाउनु पर्दछ, सो अवसरमा गभर्नर डा. नेपालले थप्नुभयो ।

आयोजक सक्षम एक्सेस टु फाईनान्सका समूह नेता वलजित भोराको स्वागत मन्तव्यबाट आरम्भ उक्त समारोहमा नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर महाप्रसाद अधिकारी, अर्थ मन्त्रालयका सहसचिव सूर्य प्रसाद आचार्य, नेपाल बैकर्स एसोसिएसनका अध्यक्ष उपेन्द्र पौडेल लगायत सहभागी बैंकका प्रमुख कार्यकारी अधिकृत तथा प्रतिनिधिहरुले मन्तव्य दिनुभएको थियो ।

सो अवसरमा राष्ट्रिय वाणिज्य बैका प्रमुख कार्यकारी अधिकृत कृष्ण प्रसाद शर्माले विगत आधा शताव्दीभन्दा बढी अवधियता देशमा वित्तिय पहुंच अभिवृध्दिमा योगदान पुरयाउदै आएको यस बैंकले विगत ३ वर्षयता ब्रान्चलेस बैकिंग सेवासमेत संचालन गर्दै आएको वताउनुभयो । सो अवसरमा प्रमुख कार्यकारी अधिकृत शर्माले ब्रान्चलेस बैकिंगका एजेन्टहरु छाया बैकर भएकोले उनीहरुको विश्वसनीयता र क्षमता अभिवृध्दिमा



*हस्ताक्षर समारोहमा नेपाल राष्ट्र बैंकका गर्भनरका साथमा पदाधिकारीहरु*

समेत हामी सरोकारवालाहरुले ध्यान पुरयाउनुपर्ने वताउनु भयो । सो कार्यक्रममा रावावैक प्रमुख कार्यकारी अधिकृतको कार्यालय जनसम्पर्क तथा सूचना शाखाका वरिष्ठ प्रवन्धक मुकुन्द अर्याल र इलेक्ट्रोनिक विभागका उप प्रमुख रिको स्थापितको समेत सहभागिता थियो ।

स्मरण रहोस, रावावैकका हाल सम्म २८ वटा विएलवि सेवाविन्दु रहेकोमा बैकले छिटै १३ स्थानमा विएलवि सेवा विन्दु थप्दै छ भने सक्षम एक्सेस टु फाइनान्ससंगको सहकार्यमा धादिंग, गोर्खा, ओखलढुंगा, रामेछाप, सिन्धुली, मकवानपुर, दोलखा, नुवकोट, रसूवा, काभ्रेमा थप ४४.विएलवि विस्तार गरिने छ ।

## यूनियन गतिविधि

*क्रमश पृष्ठ ७ बाट*

सो अवसरमा वी.पी.को राजनैतिक/साहित्यिक व्यक्तित्व समाजमा ल्याउन लामो अवधियता सक्रिय रहनुभएका साहित्यकार डा. तुलसी भट्टराई र गत वर्षको एस.एल.सि.मा उत्कृष्ठता हासिल गर्ने रावावैक कर्मचारीका छोराछोरीलाई नगद राशी सहित सम्मानित गरिएको थियो । आयोजक संघका केन्द्रीय अध्यक्ष जितेन्द्र सिंह थापाको सभापतित्वमा संचालित उक्त गोष्ठीको संचालन महासचिव माधव दत्त पन्तले गर्नुभएको थियो भने वरिष्ठ उपाध्यक्ष दिनेश विक्रम थापाले स्वागत मन्तव्य दिनुभएको थियो । राष्ट्रिय वाणिज्य बैंक संचालक समितिका सदस्यहरु, बैंकका उच्च पदस्थ अधिकृतहरु, ट्रेड यूनियनका पदाधिकारीहरु र बैंक कर्मचारीको वाक्लो उपस्थिति रहेको उक्त समारोहमा रावाबैकका वरिष्ट प्रवन्धक मुकुन्द अर्यालले वी.पी. वाणी शीर्षकको कविता वाचन गर्नुभएको थियो ।

### भाद्र २५ काठमाडौ

यसैवीच नेपाल वित्तिय संस्था कर्मचारी संघ रावावैक केन्द्रीय समिति महिला विभागको आयोजनामा रावावैक के. का. परिसरमा तीज महोत्सव ०७२ मनाईयो । सो अवसरमा प्रमुख अतिथि नेपाल ट्रेड यूनियन कांग्रेसका





उपाध्यक्ष रमा पौडेल, विशिष्ट अतिथित्रय संविधान सभाका सदस्य इश्वरी न्यौपाने, राष्ट्रिय वाणिज्य बैकका प्रमुख कार्यकारी अधिकृत कृष्ण प्रसाद शर्मा र कलाकार दीपा श्री निरौला, तालीम तथा विकास विभागका प्रमुख निरु बावा जोशी, प्रवन्धक राज्य लक्ष्मी खड्गी, नेपाल वित्तिय संस्था कर्मचारी संघ राष्ट्रिय वाणिज्य बैंक केन्द्रीय समितिका अध्यक्ष जितेन्द्र सिंह थापा लगायतका वक्ताले शुभकामना मन्तव्य दिनुभएको थियो । आयोजक महिला विभागका संयोजक उषा श्रेष्ठको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा नेपाल वित्तिय संस्था कर्मचारी संघ रावावैक क्षेत्रीय समितिका उपाध्यक्ष सविता सुवेदीले स्वागत मन्तव्य दिनुभएको थियो । महिला विभागका सदस्य सुजाता थापाको संचालनमा सम्पन्न उक्त कार्यक्रममा बैंकका उच्च पदस्थ अधिकृत तथा कर्मचारीको सघन उपस्थिति थियो । (भरत नेपाल)

### असोज २८ काठमाडौ

यसैवीच नेपाल वित्तिय संस्था कर्मचारी संघ रावाबैंक केन्द्रीय समितिको अयोजनामा बिजयदशमी, दीपावली, छठ, ल्होसार, इद लगायत २०७२ का चाडहरुको उपलक्ष्यमा शुभकामना आदान प्रदान कार्यक्रम सम्पन्न भयो ।

Published by: Rastriya Banijya Bank, Central Office, General Service Department
Singhadurbar Plaza, Kathmandu, Ph: 4252595
Chief Advisor : CEO Krishna Prasad Sharma, Editor in Chief : Mukunda Aryal,
Co-editor (Distribution Management): Bharat Nepal, Email:rbbnl@rbb.com.np
Computer Design & Setting : Touch Creation P. Ltd., Bagbazar, Kathmandu,Tel: 01-4215448
Printed at : Adarsha Printing Press Pvt. Ltd.